# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पठाइएको मुद्दाहरुको विवरणः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीइन्द्रलाल श्रेष्ठ मु.नं(०८०-CR-००७७)फैसला मिति २०८१/०१/०६ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>•इलाका प्रहरी कार्यालय, बर्दघाट, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), का तत्कालीन प्रहरी जवान संजिव धवल समेतले अवैध मोबाइल सहितको गाडी लिई आउने इन्द्रलाल श्रेष्ठको बैंक खाताबाट आफ्नो खातामा रु.५५,०००/- रकमान्तर गर्न लगाएको भन्ने समेत बेहोराको यस आयोगमा दर्ता भएको उजुरी दर्ता नम्बरः c-००७८२४, मिति २०७८/०५/२३ को उजुरी उपर अनुसन्धान हुँदा ईलाका प्रहरी कार्यालय, बर्दघाटका प्रहरी निरीक्षक कपिल वाग्लेसहितको मिलिमतोमा प्रहरी जवान संजिव धवलले अर्जुन प्रसाद शर्मासँग नगद रु.१,२०,०००/- र इन्द्र लाल श्रेष्ठसँग मोबाइल बैंकिङ् प्रणाली मार्फत रु.५५,०००/- गरी जम्मा रु.१,७५,०००/- लिएको तथा अवैध मोबाइल सहितको गाडी छुटाउन र आफूहरु कानूनी कारवाही समेतबाट बच्न अर्जुन प्रसाद शर्मा र इन्द्र लाल श्रेष्ठले उक्त रकम दिएको देखिएकोले भ्रष्टाचार जन्य कसुर गरेको देखिएकोले इलाका प्रहरी कार्यालय बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) का तत्कालीन प्रहरी जवान प्रतिवादी संजिव धवलले अर्जुन प्रसाद शर्माबाट नगद रु.१,२०,०००/- र इन्द्र लाल श्रेष्ठबाट बैंकिङ प्रणाली मार्फत रु.५५,०००/- गरी जम्मा रु.१,७५,०००/- रिसवत लिएको देखिएकोले निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम रिसवत बापतको रकम असुलउपर गरी जरिवाना हुन तथा दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम कैद समेत हुन, प्रतिवादी अर्जुन प्रसाद शर्मा र इन्द्रलाल श्रेष्ठले रु.१,७५,०००/- रकम प्रहरी जवान संजिव धवललाई गैरकानूनी रुपमा रिसवत दिएको | **फैसलाः**<br>प्रतिवादीहरु अर्जुनप्रसाद शर्मा र संजिव धवलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र उपदफा (३) को कसूर गरेको देखिएकोले निज प्रतिवादीहरुलाई सोही दफा ३ को उपदफा (१) बमोजिम जनही दामासाहीले हुने विगो बमोजिम जरिवाना रु.८७,५००।- र ऐ दफाको उपदफा (१) को खण्ड (ग) बमोजिम जनही ४ महिना कैद हुने तथा घुस लिएको रकम जनही रु.८७,५००।- का दरले असुल उपर हुने ठहर्छ। गाडी चालक प्रतिवादी इन्द्रलाल श्रेष्ठले घुस/रिसवत लेनदेन भएको कार्यमा निज प्रतिवादी ईन्द्रलाल श्रेष्ठको संलग्नता पुष्टि हुन आएको नदेखिदा निजले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको अवस्था छ ।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•प्र मोवाईलहरु गाडीमा राखिएको अवस्थामा पक्राउ परेको तथ्यमा विवाद नरहेको, उक्त गाडी १८:०१:१६ मा इलाका प्रहरी कार्यालय भित्र प्रवेश गराईएकोमा २१:२३:३५ बजे सोही | •मिति २०७८/०४/२१ गते बेलुका अवैधमोबाइल सहितको गाडी लिई आउने अर्जुन प्रसाद शर्मा र इन्द्र लाल श्रेष्ठलाई इलाका प्रहरी कार्यालय, बर्दघाटका प्रहरी निरीक्षक कपिल वाग्लेसहितको मिलिमतोमा प्रहरी जवान संजिव धवलले अर्जुन प्रसाद शर्मासँग नगद रु.१,२०,०००/- र इन्द्र लाल श्रेष्ठसँग मोबाइल बैंकिङ् प्रणाली मार्फत रु.५५,०००/- गरी जम्मा रु.१,७५,०००/- लिएको तथाअवैध मोबाइल सहितको गाडी छुटाउन र आफूहरु कानूनी कारवाही समेतबाट बच्न अर्जुन प्रसाद शर्मा र इन्द्र लाल श्रेष्ठले उक्त रकम दिएको देखिएकोले निजहरु रिसवत लिने दिने कार्यमा संलग्न भई भ्रष्टाचार गरेको भन्ने तथ्य रहेको प्रस्तुत मुद्दामामोवाईलहरु गाडीमा राखिएको अवस्थामा पक्राउ परेको तथ्यमा विवाद नरहेको, उक्त गाडी १८:०१:१६ मा इलाका प्रहरी कार्यालय भित्र प्रवेश गराईएकोमा २१:२३:३५ बजे सोही गाडीमा यी प्रतिवादी संजिव धवलसमेत चढेको अवस्थामा गेट वाहिर निस्किएको सि.सि.टि.भि फुटेजबाट देखिएको, प्रतिवादी अर्जुन प्रसाद शर्माले यिनै प्रतिवादी संजिव धवललाई रु.१,२०,०००।– नगद र प्रतिवादी इन्द्रलाल श्रेष्ठ मार्फत रु.५५,०००।– घुस दिए/लिएको भनी अदालतले स्वीकार गरी प्रतिवादी अर्जुन प्रसाद शर्मा र संजिव धवललाई कसूर ठहर भई जनही दामासाहीले हुने विगो रु.८७,५००।–जरिवाना हुने र जनही ४ महिना कैद सजाय हुने तथा घुस लिएको रकम रु.८७,५००।–जनही असूल हुने ठहर भएको छ। प्रतिवादी इन्द्रलाल श्रेष्ठको नाममा रहेको प्राइम कमर्सियल बैंकको खाताबाट रु.५,०००/-, रु.२५,०००र रु.२५,०००/- गरी कुल रु.५५,०००/- प्रतिवादी संजिव धवलको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, भरतपुर शाखाको खातामा ट्रान्सफर गरेको मिसिल संलग्न कागजात तथा राष्ट्रिय वाणिज्य बैंकको च.नं. ४१३, मिति२०८०/०७/२४ को पत्रहरुसाथ प्राप्त बैंक स्टेटमेन्टहरु बाट पुष्टि भई रहेको अवस्थामा प्रतिवादी इन्द्रलाल श्रेष्ठ उक्त घुस/रिसवत लेनदेन कार्यमा प्रत्यक्ष्य संलग्नता रहेको देखिन्छ।<br>•प्रतिवादी इन्द्रलाल श्रेष्ठले उल्लिखित प्रकरणमा आफ्नो संलग्नता नरहेको, अर्जुन प्रसाद शर्माले भने बमोजिम नपुग रु.५५,०००/- सापटी स्वरुप मोबाइलबाट प्रहरी जवान संजिव धवलको बैंक खातामा ट्रान्सफर गरिदिएको, आफूले कुनै रिसवत नदिएको भन्ने इन्कारी वयान गरेता निज प्रतिवादी इन्द्रलाल श्रेष्ठ उक्त गाडीको चालकले आफ्नो गाडिमा मालसामान ढुवानीकर्ता प्रतिवादी अर्जुन प्रसाद शर्मालाई तत्काले यति धेरै रकम रु.५५,०००।— सापटी दिनुपर्ने भन्ने औचित्य समेत पुष्टि हुदैन। तसर्थ प्रतिवादी इन्द्रलाल श्रेष्ठ गाडी चालक भएको, बरामद भएको मोवाईलहरु निजको भएको नदेखिएको, प्रतिवादी अर्जुनप्रसाद शर्माले पछि फिर्ता गर्ने शर्तमा रु.५५,०००।— संजिव धवलको खातामा पठाउन लगाएको भन्ने आधार ग्रहण गरी प्रतिवादी इन्द्रलाल श्रेष्ठलाई सफाई दिने गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटीपूर्ण रहेको हुँदा उक्त फैसला बदरभागी छ।<br>•यसै वारदातसंग सम्वन्धित इलाका प्रहरी कार्यालय, दुम्किबास, नवलपरासी (बर्दघाट-सुस्ता पुर्व) ले अवैध मोबाइलसहितको गाडि लिई आउने अर्जुन प्रसाद शर्मा र इन्द्रलाल श्रेष्ठ समेत दुई जनाबाट मोबाइल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | देखिएकोले निजहरुउपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम कैद हुन मागदाबी मागदावीलिइएकोछ। | गाडीमा यी प्रतिवादी संजिव धवलसमेत चढेको अवस्थामा गेट वाहिर निस्किएको सि.सि.टि.भि फुटेजबाट देखिएको।<br>•प्रतिवादी इन्द्रलाल श्रेष्ठको खाताबाट अर्का प्रतिवादी संजिव धवलको बैंक खातामा ट्रान्सफर भएको रकम रु.५५,०००।— रिसवत वापत नभई सापटी भएको, ब्यापारी ब्यक्ति प्रतिवादी अर्जुन प्रसाद शर्माले कपिल वाग्लेलाई दिने रकम यी प्रहरी जवान प्रतिवादी संजिव धवलको ब्यक्तिगत खातामा पठाउने भन्ने जिकिर अस्वाभाविक रहेको हुँदा प्रतिवादी अर्जुन प्रसाद शर्माले यिनै प्रतिवादी संजिव धवललाई रु.१,२०,०००।— नगद र प्रतिवादी इन्द्रलाल श्रेष्ठ मार्फत रु.५५,०००।— घुस दिए/लिएको पुष्टि भएको।<br>•प्रतिवादी इन्द्रलाल श्रेष्ठ गाडी चालक भएको, बरामद भएको मोवाईलहरु निजको भएको नदेखिएको, प्रतिवादी अर्जुनप्रसाद शर्माले पछि फिर्ता गर्ने शर्तमा रु.५५,०००।— संजिव धवलको खातामा पठाउन लगाएको तथा सि.सि.टि.भी फुटेजवाट समेत | समेतको मूल्य रु.९९,७५,१००/- र उक्त मोबाइल समेत ढुवानीको लागि प्रयोग भएको प्र. ३-०१-०२३ च ५५४४ नम्बरको पिकअप गाडी मिति २०७८/०४/२२ मा श्री महेशपुर भन्सार कार्यालय, महेशपुरमा पेश हुन आएको, निजहरु विरुद्ध भन्सार ऐन, २०६४ बमोजिम अभियोग पेश भएकोमा निज प्रतिवादी इन्द्रलाल श्रेष्ठ समेत दोषी ठहर भई निजलाई सजाय समेत भएको महेशपुर भन्सार कार्यालयको मिति २०८१।१०।१७ गतेको फैसलाबाट देखिएकोले निज प्रतिवादी इन्द्रलाल श्रेष्ठको प्रस्तुत घुस/रिसवत दिने कार्यमा प्रत्यक्ष संलग्नता थप पुष्टि भएको देखिन्छ।<br>•निज प्रतिवादी इन्द्रलाल श्रेष्ठ अवैध मोबाइल गाडीमा राखी ओसार प्रसारमा सहभागि भएको, नवलपरासीबाट चितवन आउने क्रममा त्रिवेणीचोकमा प्रहरीको चेकजाँचको क्रममा निजले चलाएको प्र.नं.३-०१-०२३ च ५५४४ नम्बरको गाडी रोक्न लाग्दा नरोकी भागेको, तत्कालै डिउटीमा रहेको प्रहरीले मोटरसाइकल प्रयोग गरी पच्छ्याई अन्दाजि एक किलोमिटर पर एस मोड भन्ने स्थानमा पुगेपछि मात्र नियन्त्रणमा लिएको तथा रु.५५,०००/- निजकै बैंक खाताबाट प्रहरी जवान संजिव धवलको खातामा रकमान्तर गरी उक्त अवैध मोबाइल छुटाउन र आफू कानूनी कारवाहीबाट समेत बच्नको लागि रिसवत समेत दिएको देखिएको पुष्टि भई रहेको अवस्थामा केवल सि.सि.टि.भी फुटेजवाट निज इलाका प्रहरी कार्यालय भित्र कार्यालय प्रमुखको कोठामा गएको नदेखिएकोले निज प्रतिवादी इन्द्रलाल श्रेष्ठको घुस/रिसवत लेनदेन भएको कार्यमा निजको संलग्नता नदेखिएकोले भन्ने आधार ग्रहण गरी प्रतिवादीलाई सफाई दिने गरी भएको त्रुटीपूर्ण फैसला बदर गरी पाउँ।<br>•अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, प्रतिवादी इन्द्रलाल श्रेष्ठलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण देखिएकोले उक्त फैसलावदर गरी आरोप-पत्र मागदावी बमोजिमकसूर ठहर गरी सजाय गरिपाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | निज इलाका प्रहरी कार्यालय भित्र कार्यालय प्रमुखको कोठामा गएको नदेखिएकोले निज प्रतिवादी इन्द्रलाल श्रेष्ठको घुस/रिसवत लेनदेन भएको कार्यमा निजको संलग्नता नदेखिएकोले निजले आरोपित कसूरबाट सफाई पाउने। | |